**Shabda Sadhana** **ISSN No: 2661-619X**
शब्दसाधना वर्ष ७, अङ्क १ : १४५ -१६५, कार्तिक २०८१, **(November 2024)**

# सिँजाली खस भाषाको वर्णव्यवस्था

**ओमप्रकाश आचार्य**
**उपप्राध्यापक**
omacharya3851@gmail.com

**लेखसार**

सिँजाली भाषा भारोपेली भाषापरिवारको शतम् वर्गको आर्यइरानेली बाल्हीक खस हुँदै विकसित भएको हो । खस पूर्वी पहाडी भाषा सिँजाली पर्वते गोर्खाली र नेपाली भाषा विकसित हुनपुग्यो । वर्तमान समयमा त्यही सिँजा नेपालको कर्णाली प्रदेशको जुम्ला जिल्लामा पर्छ । सिँजादरा, सिँजाउपत्यका, सिँजाभेग भनेर चिनिन्छ । यही नेपाली भाषाको आधार भाषा रहेको सिँजाली खस भाषा भाषामा वर्णव्यवस्था कस्तो छ ? नेपाली भाषासँग यसको समानता र भिन्नता के कति छ भन्ने समस्यामा केन्द्रित भएर सिँजाली भाषाको वर्णव्यवस्थाको खोजी गर्नु नै यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य हो । नेपाली भाषाको प्राचीन स्वरुप सिँजाली भाषा भएकाले यसको अध्ययन आवश्यक देखिएको हो । गुणात्मक ढाँचामा रहेको यो अनुसन्धानकार्य क्षेत्रगत भ्रमण एवम् पुस्तकालय विधिको प्रयोग गरी सामग्री सङ्कलन र त्यसको सत्यापन वर्णन व्याख्या र विश्लेषण गरिएको छ । सिँजाली भाषामा रहेका वर्णहरुको व्यवस्था के कस्तो छ भन्नका लागि सम्बन्धित क्षेत्रका सम्बन्धित भाषी वक्ताहरुले बोलेका कुराहरुको मौखिक अभिव्यक्तिलाई सामग्रीका रुपमा लिएर त्यसको नेपाली भाषामा समानता र भिन्नताको खोजी गरी अनुसन्धान गरिएको छ । सिँजाली भाषामा ३० वटा व्यतिरेकी व्यञ्जनवर्ण, ६ वटा स्वरवर्ण, १० वटा द्विस्वरवर्ण रहेका छन् । खण्डीय र खण्डेतरवर्ण भनेर अध्ययन गरिएको छ । सिँजाली खस भाषामा विशिष्ट वर्णव्यवस्था रहेको छ । प्रगत समीभवन, परागत समीभवन, विषमीभवन,/स्/,/त्/,/ट्/,/क्/ कुनै आएमा /अ/,/को/,/इ/मा हुने /स्/ र /त्/, /इ/ र /य्/ मा हुने महाप्राणी भवन, अल्पप्राणी भवन, घोषीभवन, अघोषीभवन, अनुनासिक, /य्/, /ज्/ मा /र्/, /ड्/ मा /स्/, /सह्/ मा एवम् ल वर्ण त मा त वर्ण ल मा प्रयोग हुने ह इ मा समेत आउने, रेफ(रकार) का सट्टामा न को प्रयोग हुने /ए/, /य/ मा प्रयोग हुने एवम् खण्डेतर वर्णमा मात्रा, अनुनासिक, विराम संहिता, लय, बलाघातमा विशिष्ट व्यवस्था रहेको छ ।

**शब्दकुञ्जी :** खण्डीय, खण्डेतर, उच्चार्य, लघुतमयुग्म, विभेदक ।

## परिचय

सिँजाली भाषा खसभाषा हो । यो नेपाली भाषाको प्राचीन रुप हो । यो भाषा सिँजा क्षेत्रमा बोलिन्छ । सिँजा नेपालको कर्णाली प्रदेशको जुम्ला जिल्लामा पर्दछ । तत्कालीन सिँजा साम्राज्यका रुपमा चिनिएको र नेपाली भाषाको उद्गमस्थल, नेपाली संस्कृति र सभ्यताको जन्मथलो/ मूलथलो सिँजालाई सिँजादरा, सिँजाउपत्यका, सिँजाभेग भनिन्छ । खस अधिराज्यको मुख्य राजधानी जुम्ला जिल्लाको सिँजा उपत्यका भएकोले यसको राजकीय भाषालाई सिँजाली भनिएको हो ( अधिकारी, २०५६ : ३० ) । नेपाली भाषाको विकासक्रमलाई अध्ययन गर्ने हो भने सिँजाली भाषा सर्वप्राचीन मानिन्छ । ऐतिहासिक कालक्रम र भाषिक पुरातत्वका आधारमा नेपाली भाषाको कालविभाजन सिँजाली भाषा (वि. सं. ११५०–१४५०), पर्वते भाषा (वि.सं. १४५०–१८५०), गोर्खाली भाषा (

वि.सं.१८५०–१९९०), राष्ट्रभाषा नेपाली भाषा (वि.सं.१९९०–हालसम्म) (अधिकारी, २०५६ : ३०) । यस्तो इतिहास बोकेको भाषा, भाषा आयोग नेपालको भाषासूचीमा सूचीकृत हुनसकेको छैन । जुम्ला जिल्लाका रुपमा परिचित भएपछि जुम्लामा जुम्ली भन्ने आधारले जुम्ली भाषा हुनगई भाषाआयोगको नेपालमा बोलिने भाषाका सूचीमा जुम्ली भाषा रहेको छ । यसका वक्ता सङ्ख्या समेत उल्लेख गरिएको छ । सिँजाली भाषा भनेर उल्लेख गरिएको छैन । यस सन्दर्भमा नेपाली भाषाको प्राचीन रुप, आधार भाषा जुम्ला जिल्ला कै सिँजामा बोलिन्छ । सिँजाली बस्ती छ । सिँजाली भाषाका वक्ता छन् । सिँजा क्षेत्र, सिँजा उपत्यकामा तीन गाउँपालिका छन् । यसै सिँजा क्षेत्रको सिँजाली वक्ताले बोल्ने सिँजाली भाषाको वर्णव्यवस्थाको अध्ययन आवश्यक रहेकोले यस अनुसन्धानात्मक लेखमार्फत सिँजाली भाषामा के कस्ता वर्ण रहेका छन् ? तिनीहरुको व्यवस्था कस्तो छ ? भन्ने समबन्धमा उब्जने प्रश्नका लागि पनि यसलेखमा सिँजाली भाषामा रहेको वर्णव्यवस्थाको गहन अध्ययन गरिएको छ । सिँजालीको मूल खस भएकाले यहाँ सिँजाली खस भनिएको हो । सिँजाली (खस) भाषाको वर्ण व्यवस्थाको अध्ययनको उद्देश्य पुरा गर्न सिँजाली भाषाका खण्डीय वर्णअन्तर्गत अर्थ विभेदक स्वर र व्यञ्जन वर्णका साथै संयुक्त स्वर वर्णको अध्ययन गरिएको छ । सिँजाली भाषाका खण्डेतर वर्णअन्तर्गत मात्रा, बालाघात, अनुनासिकता, श्वसनको अध्ययन गरिएको छ ।

## अध्ययनको विधि

सिँजाली (खस) भाषाको वर्णव्यवस्थाको अध्ययनमा मुख्यतः क्षेत्रगत भ्रमण गरिएको छ । यसका लागि सिँजा क्षेत्रमा नै गएर त्यहाँका सिँजाली भाषी वक्ताहरुसँग बसेर कुराकानी गरेर, उनीहरुले गरेका कुराकानीलाई टेपरेकर्डर गरेर वर्णव्यवस्थाका सम्बन्धी सामग्री सङ्कलन गरियो । यो सामग्री सङ्कलनमा मौखिक अभिव्यक्तिलाई नै लिइएको छ । सामग्री स्रोतहरु प्राथमिक र द्वितीय नै हुन् । भाषाका वर्णव्यवस्था सम्बन्धी गरिएका अनुसन्धानात्मक सामग्रीहरुलाई पनि स्रोतका रुपमा लिइएको छ । यो उद्देश्यमूलक नमुना छनोट विधि र गुणात्मक ढाँचाको अनुसन्धानात्मक लेखका रुपमा रहेको छ । सङ्कलित सामग्रीहरुलाई सत्यापन गरी वर्णनात्मक व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषावैज्ञानिक आधारमा सिँजाली खस भाषाका वर्णहरुको खोजी गरी नेपाली भाषासँग तुलनात्मक अध्ययन गर्नु यस अध्ययनको सैद्धान्तिक आधार हो । नेपाली भाषाको प्राचीन रुप सिँजाली खस भाषा भएकाले ऐतिहासिकताको अध्ययनमा समेत यो अनुसन्धान केन्द्रित रहेको छ । वर्णविज्ञानको सिद्धान्तमा आधारित भएर सिँजाली खस भाषा र नेपाली भाषाका वर्णहरुको भाषावैज्ञानिक अध्ययन गरिएको छ ।

## परिणाम तथा छलफल

### वर्णव्यवस्था

खास भाषिक व्यवस्थामा व्यतिरेकी भएर आउने ध्वनिलाई वर्ण भनिन्छ । वर्ण उच्चारणको सबभन्दा तल्लो विभेदक (अर्थगत भिन्नता दर्साउन सक्ने) एकाइ हो । मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक आवाज नै भाषिक ध्वनि हो भने कुनै भाषामा रहेका अर्थ विभेदक लघुतम उच्चार्य ध्वनि नै वर्ण हुन् (लम्साल, २०६९, पृ. ९५)। भाषिक एकाइअन्तर्गत ध्वनिभन्दा माथिल्लो र रूपभन्दा तल्लो तहमा रहेको एकाइ वर्ण हो । भाषामा जोडा शब्दलाई लघुतम युग्म भनिन्छ । यी लघुतम युग्मलाई एकाइका रूपमा लिएर ध्वनिको तुलना गरिन्छ । यसरी

लघुतमयुग्ममा आएका अर्थ भेदक एकाइलाई नै वर्णका रूपमा लिने गरिन्छ । कुनै वर्ण अर्थ विभेदक हो कि होइन भन्ने ठम्याउन कम्तीमा एउटा मात्र भिन्न वर्ण भएका शब्द जोडीहरू खोज्नु पर्दछ)। जस्तैः

**सिँजाली (खस) भाषाको वर्णव्यवस्था**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| खल | ३ ख्-ल् ३ | हल्ला/झकडा | ख |
| भल | ३ भ्-ल् ३ | वाडी | भ |
| कान | ३ क्+आ-न् ३ | सुन्ने अङ्ग (ज्ञानेन्द्रीय) | क |
| तान | ३ त्+आ-न् ३ | तान्नु | त |
| चिड्को | ३ -ओ ३ | चट्याङ | च |
| विड्को | ३ -ओ ३ | ढक्कन | ठ |
| चोर | ३ -ओर३ | चोर्नु | च |
| जोर | ३-ओर३ | ब्ल | ज |

(क्षेत्रगत अध्ययन)

दिएका शब्द युग्ममा *खल* र *भलमा ख* र *भ* एउटै परिवेशमा आएका छन् । यसले अर्थमा भिन्नता ल्याएको छ । त्यसकारण यी वर्ण हुन् । *कान* र *तानमा* पनि *क* र *त* एउटै परिवेशमा आएर अर्थमा नै भिन्नता ल्याएको हुनाले क र त छुट्टा छुट्टै वर्ण मानिन्छन् । यस्तै गरेर *चिड्को* र *बिड्कोमा च* र *व* ले समान परिवेशमा आएर पनि भिन्नता ल्याएका छन् । *च* र *व* दुबै वर्ण छन् । *चोर* र *जोरमा च* र *ज* समान परिवेशमा आएका छन् । यिनले अर्थमा भिन्नता ल्याएका छन् । यी वर्ण हुन् । नेपाली भाषामा लघुतम युग्ममा आएका अर्थभेदक एकाइ नै वर्णका हुन् ।

सिँजाली भाषामा खण्डीय र खण्डेतर दुबै वर्ण छन् । खण्डीय वर्णअन्तर्गत स्वर र व्यञ्जन वर्ण तथा खण्डेतर वर्णअन्तर्गत अनुनासिकता, मात्रा, श्वसन, बलाघात व्यतिरेकी वर्णका रूपमा स्थापित छन् । यहाँ सिँजाली भाषाको वर्ण व्यवस्थालाई खण्डीय र खण्डेतर वर्णका आधारमा विश्लेषण गरिएको छः

**खण्डीय वर्ण**

स्वतन्त्र रूपमा उच्चरित हुन सक्ने वा छुट्याउन सकिने खण्डीय वर्ण हो । स्वतन्त्र रूपमा उच्चारण गर्न सकिने वा छुट्टै एकाइका रूपमा खण्डीकृत गर्न सकिने व्यतिरेकी ध्वनिलाई खण्डीय वर्ण भनिन्छ, स्वर र व्यञ्जन वर्णहरू यसभित्र पर्दछन् (न्यौपाने र अन्य, २०६९, पृ. ६१) ।

**स्वरवर्ण**

भाषिक एकाइको उच्चारण गर्दा कुनै अर्को ध्वनिको सहायता लिन नपर्ने वर्ण भनिए पनि आधुनिक सिद्धान्त अनुसार श्वास प्रवाहमा बाधा नपरी उच्चारण हुने वर्णलाई स्वरवर्ण भनिन्छ । कुनै उच्चारणमा नठोकिइ वा स्वासप्रवाहमा बाधा नपरी उच्चारण हुने वर्णलाई स्वर भनिन्छ ( अधिकारी, २०६२, पृ. ४) ।


**सिँजाली (खस) भाषामा स्वरवर्ण व्यवस्था**

| वर्ण | शब्द/प्रयोग स्थिति | परिवेश | अर्थभेदक |
|---|---|---|---|
| /अ/ | अस्ति | #-अ# | हिजोको अघिल्लो दिन त |
| /अ/ | अःस्ति | #अः# | अस्तिको अघिल्लो दिन तः |
| /आ/ | गाड | #-आ# | भूइमा गाड |

| | | | |
|---|---|---|---|
| /आ/ | गा:ड | #आ:# | खोलो, नदी |
| /इ/ | किला | #इ# | किला, काँटा, किलो |
| /इ/ | कि:ला | #इ:# | जाक्नु, किल्नु, कोच्नु |
| /उ/ | कुमाया | #उ# | कमाएको, आर्जेको |
| /उ/ | कु:माया | #उ:# | कममाया, माया नभएको |
| /ए/ | देखा | #ए# | देखाउ |
| /ए/ | दे:खा | #ए:# | लौ खा, खाने काम |
| /ओ/ | रोडा | #ओ# | सगेर्नु, सम्हाल्नु, जम्मा गर्नु, सार्नु |
| /ओ/ | रो:डा | #ओ:# | पुरानो रूपैया, चाँदीको सिक्का |
| /औ/ | बौला | #औ# | मस्तिष्क खलबलिएको, पागल |
| /औ/ | बौ:ला | #औ:# | प्रशस्त धेरै मात्रामा |
| /अ/ | त | #अ# | हो, हो, हो त |
| /अ:/ | त: | #अ:# | तवा (रोटी हाल्ने) |

| वर्ण | ऋादि | मध्य | अन्त्य |
|---|---|---|---|
| /अ/ | अचार (अचार) | कन् (कन्नु) | दाल्द (भिखारी, गरिब) |
| /आ/ | चवल | मुसान | मुसला |
| /इ/ | इनी | किडो | कोडि |
| /उ/ | उबो | कुडो | गोडु |
| /ए/ | एल्खै | भेडा | गोड्या/भुड्या |
| /ओ/ | ओस्हार | गोडा | गोडो/घोडो |

सिँजाली भाषामा स्वर वर्णमाला यसप्रकारका छन् : अ, आ, इ, उ, ए, ओ




स्वरवर्णको वर्गीकरण : यहाँ खण्डीय स्वरवर्णलाई जिब्राको उचाइ, जिब्राको सक्रिय भाग, मांसपेशीको स्थिति र ओठको स्थितिका आधारमा अध्ययन गरिएको छ ।

जिब्राको उचाइ : स्वरवर्णको उच्चारण गर्दा जिब्रो सबभन्दा माथि उठेको अवस्थामा उच्चरित हुने गर्दछ । सिँजाली (खस) भाषामा जिब्राको उचाइका आधारमा देखिने व्यवस्थालाई यसप्रकार उल्लेख गर्न सकिन्छ:

**जिब्राको उचाइका आधारमा सिँजाली (खस) भाषाको व्यवस्था**

| शब्द | परिवेश | अर्थ | उचाइ | अर्थभेदक वर्ण |
|---|---|---|---|---|
| गोड्नु | #ग-न# | गोडमेल गर्नु | अर्धसंवृत, उच्च मध्य | ओ |
| गुड्नु | #ग-न# | गुड्नु | संवृत, उच्च | ए |
| अड्डा | # -डा # | कार्यालय | अर्धविवृत, निम्न मध्य | अ |
| उड्डा | # - डा # | उड्नु | संवृत, उच्च | ए |
| उठ | # - ठ # | उठ्नु | संवृत, उच्च | ए |
| ओठ | #-ठ# | ओठ | अर्धसंवृत, उच्च मध्य | ओ |
| आडो | #-ड# | ढोका अड्याउने (छेस्किनी चुक्कुन) | विवृत, निम्न | ऋा |
| ओडो | #-ड# | यता आउने | अर्धसंवृत, उच्च मध्य | ओ |
| खिप | #ख-य# | टाँका | संवृत, उच्च | इ |
| खेप | #ख-य# | एक भारी बोकाइको (एक खेप) | अर्धसंवृत उच्च मध्य | ए |

(क्षेत्रगत अध्ययन)

सिँजाली (खस) भाषामा *गोड्नु* र *गुड्नु* मा *ओ* र *उ अड्डा* र *उड्डा* शब्द युग्ममा *अ* र *उ* ले *उठ* र *ओठ* को *उ* र *ओ आडो* र *ओडोमा आ* र *ओ* खिप र खेपको *इ* र *ए* ले समान परिवेशमा आएर अर्थमा भिन्नता ल्याएका छन् त्यसैले सिँजाली भाषिकामा *अ, आ, इ, उ, ए* र *ओ* जिब्राको उचाइका आधारमा वर्ण हुन् ।

जिब्राको सक्रिय भाग: सिँजाली भाषामा जिब्राको सक्रिय भागका आधारमा देखिने व्यवस्था यसप्रकार छ :

**जिब्राको सक्रियताका आधारमा सिँजाली (खस) भाषामा स्वरवर्ण**

| शब्द | परिवेश | अर्थ | सक्रियता | अर्थभेदक वर्ण |
|---|---|---|---|---|
| कत्तो | # क - त # | कत्तो | पश्च | ऋ |
| कात्तो | # क - त # | कात्तो | केन्द्रीय | ऋा |
| कित्तो | # क - त # | सानो रूप (माछा कित्तो) | अग्र | इ |
| खिर | # ख - र # | खाने खिर (दुध चामल) | अग्र | इ |
| खुर | # ख - र # | चौपायाको खुट्टा | पश्च | ए |
| गेडा | # ग - ड # | दाना | अग्र | ए |
| गोडा | # ग - ड # | खुट्टा (मान्छेका) | पश्च | ओ |

(क्षेत्रगत अध्ययन)

*कत्तो, कात्तो* र *कित्तो* मा *अ, आ* र *इ* ले, *खिर* र *खुरमा इ* र *उ* ले र *गेडा* र *गोडाको* ए र *ओ* समान परिवशेमा आएर अर्थमा भिन्नता ल्याएको छ । यिनीहरू जिब्राको सक्रिय भागका आधारमा भाषिका वर्ण हुन् ।

मांशपेशीय अवस्था: मांशपेशीय अवस्थाका आधारमा सिँजाली (खस) भाषाका स्वरवर्णहरूको व्यवस्था यसप्रकारको छ :

**मांशपेशीय अवस्थाका आधारमा सिँजाली (खस) भाषाका स्ववर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| बस | # ब-स # | बस्ने | ऋ |
| बास | # ब-स # | बस्ने ठाउँ | ऋा |
| लेख | # ल-क # | उचो ठाउँ लेकाली खर्क | ए |
| लुक | # ल-क # | लुक्नु | ए |
| किडा | # क-ड # | किरा | इ |
| कुडा | # क- ड# | कुरा | ए |
| किडी | # क-ड # | किराको सानो रूप | इ |
| कोडी | # क-ड # | कुष्ठरोगी | ओ |

(क्षेत्रगत अध्ययन)

*बस* र *बासमा अ* र *आ लेख* र *लुकमा ए* र *उ किडा* र *कुडामा इ* र *उ किडी* र *कोडीमा इ* र *ओ* ले समान परिवेश लिए तापनि अर्थमा भिन्नता ल्याएको छ। त्यसैले *अ, आ, इ, उ,* ओ मांशपेशी कडा र शिथिल हुँदा उच्चरित हुने स्वरवर्ण हुन्।

ओठको अवस्था: ओठको अवस्थाका आधारमा सिँजाली भाषाका स्वरवर्णको व्यवस्था यसप्रकार छ :

**ओठको अवस्थाका आधारमा सिँजाली (खस) भाषाका स्वरवर्ण**

| शब्द | परिवेश | अर्थ | ओठको अवस्था | अर्थमेदक वर्ण |
|---|---|---|---|---|
| घस | # घ-स # | कुनै पनि मल्ने घस्ने | अगोलित | ऋ |
| घास | # घ-स # | खुवाउने घाँस | अगोलित | ऋा |
| आठ | #-ठ # | अङ्क | अगोलित | ऋा |
| उठ | # -ठ # | उठ्नु | गोलित | ए |
| खेलो | # ख-ल # | खेलो व्यापार | अगोलित | ए |
| खोलो | # ख-ल # | खोला | गोलित | ओ |
| गिदी | # ग-द # | गिदी टाउको भित्रको मासी | अगोलित | इ |
| गुदी | # ग-द # | भित्री भाग (चाक) | गोलित | ए |
| खड | # ख-ड # | खेर | अगोलित | ए |
| खोड | # ख-ड # | खोर | गोलित | ओ |

(क्षेत्रगत अध्ययन)

दिइएका शब्दमा *घस* र *घासमा अ* र *आ* ले, *आठ* र उठमा आ र *उ* ले *खेलो* र *खोलामा ए* र *ओ* ले *गिदी* र *गुदीमा इ* र *उले* त्यस्तै गरेर *खड* र *खोडमा* अ र ओ समान परिवेशमा आएर पनि अर्थमा भिन्नता छ। *अ, आ, इ, उ, ए* र *ओ* ओठको अवस्थाका आधारमा सिँजाली भाषाका वर्ण हुन्।

खण्डेतर स्वरवर्णः यहाँ खण्डेतर स्वरवर्णका रूपमा मात्रा र अनुनासिकताका आधारमा वर्णन गरिएको छ ।

मात्राः मात्राका आधारमा सिँजाली भाषाका स्वरवर्णको व्यवस्था यसप्रकारको छ :

**मात्राका आधारमा सिँजाली भाषाका स्वरवर्ण**

| शब्द | परिवेश | अर्थ | मत्रा | अर्थभेदक वर्ण |
|---|---|---|---|---|
| अस्ति | # -स्ती # | हिजो छोडी अस्ति | ह्रस्व | ऋ |
| अःस्ति | # -स्ती # | धेरै पहिले | दीर्घ | ऋा |
| बल्ल | # -ल # | गोरु | ह्रस्व | ऋ |
| बःल | # -ल # | अहिले आज | दीर्घ | ऋ |
| रहड | # -ड # | रमाइलो | ह्रस्व | ऋ |
| रःड | # -ड # | रड्नु | दीर्घ | ऋ |
| गाड | # -ड # | खोला | ह्रस्व | ऋा |
| गाःड | # -ड # | झिक्नु/निकाल्नु/गाड्नु | दीर्घ | ऋा |

(क्षेत्रगत अध्ययन)

*अस्ति* र *अःस्ति* मा *अ* र *अः* ले *बल्ल* र *बःल* मा *अ* र *अः* ले *रहड* र *रःड* मा *अ अः गाड* र *गाःड* मा *अ* र *आ* ले समान परिवेश लिए पनि अर्थमा भिन्नता ल्याएको छ । यिनीहरू सिँजाली (खस) भाषाका वर्ण हुन् ।

अनुनासिकताः अनुनासिकताका आधारमा सिँजाली (खस) भाषाका स्वरवर्णहरु यसप्रकार छन् :

**अनुनासिकताका आधारमा सिँजाली (खस) भाषाका स्वरवर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| ठाडो | # -डो # | ठाडो | ऋा |
| ठाँडो | # -डो # | जमेको पानी | आँ |
| नउ | # -ना # | ढुङ्गा | ए |
| नाउँ | # -ना # | नम | उँ |
| दाइ | # -इ # | दाजु | इ |
| दाइँ | # -इ # | धानको दाइँ गर्नु | इँ |
| कुलो | # -ल # | पानीको कुलो | ए |
| कुँलो | # -ल # | कमलो | उँ |
| हड | # -ड # | शरीर | ऋ |
| हँड | # -ड # | हिँड्नु | अँ |
| सिदो | # -द # | सोझो | इ |
| सिंदो | # -द # | सुत्दो/निदाउँदो | इँ |

(क्षेत्रगत अध्ययन)

*ठाडो* र *ठाँडो* मा *आ* र *आँ* ले *नाउ* र *नाउँमा उ उँ दाइ* र *दाँइमा इ* र *इँले* अनि *कुलो* र *कुँलोमा उ* र *उँ* ले त्यस्तै *हड* र *हँडमा* अ र *अँ* त्यस्तै *सिदो* र *सिंदोको इ* र *इँ* ले समान

परिवेश लिँदा पनि अर्थमा भिन्नता ल्याएको देखिन्छ । यी सिँजाली (खस) भाषाका वर्ण हुन् । नेपाली भाषामा *अँ, आँ, इँ, उँ, एँ* र *ओँ* अनुनासिकताका आधारमा त्यतिरेकी वर्ण हुन् ।

सिँजाली (खस) भाषामा द्विस्वरको व्यवस्थाः सिँजाली (खस) भाषामा देखिने द्विस्वरको व्यवस्था यसप्रकार छ :

**सिँजाली (खस) भाषाका द्विस्वर**

| संयुक्त स्वर | सिँजाली भाषिका | अर्थ |
|---|---|---|
| अइ | अइले | अहिले |
| आइ | नाइ | छैन |
| उइ | बुइ | पिठयूँ |
| एइ | केइ | केही |
| ओइ | पोइ | श्रीमान/पति |
| ऋउ | चउड | चौर |
| ऋाउ | भउ | बाबु, वच्चा |
| इउ | ीनउ | निहुँ |
| एउ | ल्हेउ | लेउ पानीमा हुने |
| ओउ | धोउ | धुनु |

(क्षेत्रगत अध्ययन)

*अइ, आइ, उइ, एइ, ओइ, अउ, आउ, इउ, एउ, ओउ,* सिँजाली भाषिकाका द्विस्वरवर्ण हुन् । नेपाली भाषामा पनि यिनको प्रयोग द्विस्वरका रूपमा हुने गरेको छ ।

**व्यञ्जनवर्ण**

श्वास प्रवाहमा बाधा र घर्षण पैदा भई उच्चरित हुने ध्वनिहरू व्यञ्जन ध्वनि हुन् । व्यञ्जन ध्वनिलाई उच्चारण स्थान, उच्चारण प्रक्रिया, घोषत्व र प्राणत्व गरी चार आधारमा वर्गीकरण गरिन्छ (गौतम र चौलागाई, २०७०, पृ. ९१) । यहाँ व्यञ्जन वर्णलाई उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा सिँजाली भाषिकामा पाइने व्यञ्जन वर्णको वर्गीकरण गरिएको छ । व्यञ्जन वर्णहरू : क् ख् ग् घ् ङ् च् छ् ज् झ् ट् ठ् ड् ढ् त् थ् द् ध् न् प् फ् ब् भ् म् य् र् ल् व् स् सह् ह् हुन् ।

**सिँजाली (खस) भाषामा व्यञ्जन वर्ण व्यवस्था**

| **वर्ण** | **शब्द** | **अर्थ** |
|---|---|---|
| /क/ | काट् (काट्) | काट्नु |
| /ख/ | खाट् (खाट्) | सुत्ने खाट |
| /ग/ | गास (गास्) | खाने गास (एक गास) |
| /घ/ | घास (घास्) | घास (गाइवस्तुका लागि घाँस) |
| /च/ | चाल (चाल्) | च्लन |
| /छ/ | छाल (छाल्) | पानीको छाल |
| /ज/ | जाल (जाल्) | माछा मार्ने जाल |
| /झ/ | झाल (झाल्) | चेत,जेलिएको झाल (तरकारीको झाल) |
| /ट/ | टनक्क (टनक्क्) | टन्न |
| /ठ/ | ठनक्क (ठनक्क्) | भाँज्नु, ठनक्क भाच्नु |

| | | |
|---|---|---|
| /ड/ | डाक (डाक्) | बोलाउनु |
| /ढ/ | ढाक (ढाक्) | छोप्नु |
| /त/ | तान (तान्) | तान्ने |
| /थ/ | थान (थान्) | देउताको थान |
| /द/ | दान (दान्) | दान/दक्षिणा |
| /ध/ | धान (धान्) | खाने अन्न, धान |
| /प/ | पल (पल्) | समय एक पल |
| /फ/ | फल (फल्) | खाने फल |
| /ब/ | बल (बल्) | जोड (जोर) |
| /भ/ | भल (भल्) | पानीको भल |
| /न/ | नाउ (नाउ) | नम |
| /म/ | माउ (माउ) | माउ/पोथी |
| /ङ/ | हिङ (हिङ) | खाने हिङ |
| /र/ | राख (राख्) | राख्नु |
| /ल/ | लाख (लाख्) | हजारदेखि माथि लाख |
| /य/ | गल्या<br>डढ्या | गलेको<br>डढेको |
| /य/ | अट्या | अट्किने भकभकाउने |
| /य/ | लट्या | लठा परेको |
| /स्ह/ | स्हात् (सात्) | साथ सात् दिने |
| /ह/ | हात (हात्) | शरीरको अङ्ग हात |

**व्यञ्जन वर्ण**

| वर्ण | आदि | मध्य | अन्त्य |
|---|---|---|---|
| /क्/ | कस् (कस्नु) | सकस् | स्हक |
| /ख्/ | खन् | काखी | चाख् |
| /ग्/ | गन् | म्गा | माग् |
| /घ्/ | घान | माघ्या/माघा | माघ् |
| /ङ्/ | ८ | नाङ्गै | जाङ् |
| /च्/ | चाल् | कचरी | जाँच् |
| /छ्/ | छाल् | मछड | पुछ् |
| /ज्/ | जाल् | वाजो | मज |
| /झ्/ | झाल् | मझ | बुझ् |
| /ट्/ | टेक | बाटो | काट् |
| /ठ्/ | ठोक् | कठोर | काठ् |
| /ड्/ | डोका | काडा | काड् |
| /ढ्/ | ढकन | - | - |

| | | | |
|---|---|---|---|
| /त्/ | तन् | जतन् | पात् |
| /थ्/ | थान् | वथान् | बाथ् |
| /द्/ | दान् | चाँदो | दुद |
| /ध्/ | धान् | ग्धा | काँध |
| /न्/ | नाम् | नानी | बान् |
| /प्/ | पख् | कपाल/स्हपार | ज्प |
| /फ्/ | फल् | काफल/नाफा | ग्फ |
| /ब्/ | बल् | लबाड्डो (ढाट्नु) | डाब् |
| /भ्/ | भल् | सभा | लाभ् |
| /म्/ | मल् | स्हमा | ज्मा |
| /य्/ | याद् | क्ष्या | - |
| /र्/ | राम् | मारी | पार् |
| /ल्/ | लात् | गाली | गाल् |
| /व्/ | वर् | ज्वा | - |
| /स्/स्ह/ | स्हात् | मसी | कास् |
| /ह्/ | हात्/हलो | झ्हान | - |

**सिँजाली (खस) भाषाको व्यञ्जन वर्णमाला**

क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स्ह, ह

उच्चारण स्थानका आधारमाः उच्चारण स्थानका आधारमा सिँजाली (खस) भाषाको व्यञ्जन वर्ण यसप्रकारका छन् :

**उच्चारण स्थानका आधारमा सिँजाली भाषाका व्यञ्जन वर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| स्हार | # -आर # | सार्नु | स |
| हार | # -आर # | हार्नु | ह |
| वारि | # -अरि # | वारिपट्टी | व |
| पारि | # -आरि # | पारिपट्टी | इ |
| यइखो | # -इखो # | यसको | इ |
| त्यइखो | # -इखो # | त्यसको | त |
| टेक | # -क # | टेक्नु | ट |
| ठेक | # -क # | जरा | ठ |
| वल्लो | # -ल # | वलतिरको | व |
| बल्लो | # -ल # | बल्ने काम | ब |
| जाङ | # जा- # | जाङ्डो (दुई तिघ्रा बीचको भाग) | ङ |

| | | | |
|---|---|---|---|
| जान | # जा- # | जान्नु | न |

(क्षेत्रगत अध्ययन)

*सहार* र *हार* मा *स* र *ह* ले *वारि* र *पारिमा* व र *प यइखो* र *त्यइको* मा *य* र *त टेक* र *ठेक* मा *ट* र *ठ* ले *वल्लो* र *बल्लो* *व* र *ब जाङ* र *जानमा ङ* र *न* ले समान परिवेशमा आएर पनि अर्थमा भिन्नता ल्याएका छन् । यी शब्दयुग्ममा आएका शब्दहरू उच्चारण स्थानका आधारमा फरक छन् । यसरी समान परिवेश भएर पनि अर्थमा भिन्नता ल्याउने व्यञ्जनवर्णहरू उच्चारण स्थानका आधारमा सिँजाली (खस) भाषाका वर्ण हुन् । उच्चारण स्थानका आधारमा ओष्ठ्य, दन्त्य, वर्त्स्य, तालव्य, कण्ठ्य वर्णहरू छन् । नेपाली भाषामा पनि उच्चारण स्थानका आधारमा व्यतिरेकी अर्थ प्रदान गर्ने समान वर्ण देखिन्छन् ।

प्रयत्नका आधारमा: उच्चारण प्रयत्नका आधारमा सिँजाली (खस) भाषाका व्यञ्जन वर्ण व्यवस्था यसप्रकारको छ :

**उच्चारण प्रयत्नका आधारमा सिँजाली (खस) भाषाका व्यञ्जनवर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| चिर | # चि # | चिर्नु | र |
| चिल | # चि-० # | चिल्नु/चरा (आकाशमा उड्ने) | ल |
| कान | # का-० # | ज्ञानेन्द्रीय कान | न |
| काम | # का-० # | काम (कुनै काम विशेष) | म |
| काट | # का-० # | काट्ने काम गर्नु | ट |
| कात | # का-० # | धागो काट्नु | त |
| स्हार | # सा- # | सार्नु | र |
| स्हाल | #सा- # | वर्ष | ल |
| भर | #भ-० # | भर्नु | र |
| भड | # भ-० # | गाइको वाच्छो (वहर) | ड |
| स्हक | # स-० # | सक्नु | क |
| स्ह | # स-० # | सहनु | ह |

(क्षेत्रगत अध्ययन)

*चिर* र *चिलमा र* र *ल* ले *कान* र *काममा न* र *म* ले *काट* र *कात* मा *ट* र *त* ले *स्हार* र *स्हालमा र* र *ल* ले *भर* र *भडमा र* र *ड* ले *स्हक* र *स्हमा क* र *ह* ले समान परिवेश लिइए तापनि यिनीहरूबीच अर्थमा भिन्नता छ त्यसैले सिँजाली भाषामा यी वर्णहरू प्रयत्नका आधारमा विभेदक देखिन्छन् । प्रयत्नका आधारमा स्पर्शी, सङ्घर्षी, स्पर्शसङ्घर्षी, नासिक्य, पार्श्विक, प्रकम्पित, अर्धस्वर वर्ण छन् । नेपाली भाषामा पनि प्रयत्नका आधारमा व्यतिरेकी अर्थ प्रदान गर्ने व्यञ्जन वर्णहरू समान रहेका छन् ।

घोषत्वको आधार: घोषत्वका आधारमा सिँजाली भाषामा व्यञ्जनवर्ण वर्णव्यवस्था यसप्रकार छ :

**घोषत्वका आधारमा सिँजाली भाषाका व्यञ्जनवर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| छल | # -अल # | छल्नु/छल गर्नु | छ |
| ढल | # -अल # | ढल्नु/पल्टिनु | ढ |
| जोर | # -अर् # | ब्ल | ज |
| पोर | # -अर # | पहिले | प |
| तन | # -आन # | तान्नु | त |
| द्यान | # -आन # | दान गर्नु | द्य |
| गास | # -आस # | गास (खानाको एक गास) | ग |
| मास | # -आस # | मास्नु (सिद्याउनु) | म |
| थन | # -आन # | देवता/देवीको थान | थ |
| धान | # -आन # | खाने अन्न धान | ध |
| छाल | # -आल # | पानीको छाल | छ |
| फाल | # -आल # | फाल्ने काम/फाल्नु | फ |
| बाँच | # -आँच # | बाँच्ने काम | ब |
| भाँच | # -आँच # | भाँच्ने काम | भ |
| थाल | # -आल # | भाँडा | थ |
| द्याल | # -आल # | खाने दाल | द्य |

(क्षेत्रगत अध्ययन)

*छल* र *ढलमा छ* र *ढ* ले *जोर* र *पोरमा ज* र *प* ले *तान* र *दान* मा *त* र *द गास* र *मासमा ग* र *म* ले *थान* र *धानमा थ* र *ध* ले *छाल* र *फाल* मा *छ* र *फ* ले *बाँच* र *भाँच* मा *ब* र *भ* ले *थाल* र *दाल* मा *थ* र *द* ले समान परिवेश लिए तापनि अर्थमा भने भिन्नता ल्याएको देखिन्छ । यिनै सिँजाली भाषाका वर्णहरू हुन् । नेपाली भाषामा पनि घोषत्वका आधारमा सिँजाली भाषामा झैँ वर्णहरूका बीच अर्थभेदकता छ । सिँजाली भाषामा सघोष/घोषवर्ण/ग/, /घ/, /ङ/, /ज/, /झ/, /ड/, /ढ/, /द/, /ध/, /न/, /ब/, /भ/, /म/, /य/, /र/, /ल/, /व/, /ह/ हुन् भने अघोषवर्ण /क/, /ख/, /च/, /छ/, /ट/, /ठ/, /त/, /य/, /प/, /फ/, /स्ह/ हुन् । नेपाली भाषाको /स/ वर्ण सिँजालीमा /स्ह/ उच्चरण हुने गर्दछ ।

प्राणत्वको आधारः प्राणत्वका आधारमा सिँजाली (खस) भाषाका व्यञ्जनवर्णमा देखिने व्यवस्थाः

**प्राणत्वका आधारमा सिँजाली भाषाका व्यञ्जनवर्ण**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| काम | # -आम # | काम गर्नु | क |
| खाम | # -आम # | चिठी राख्ने खाम | ख |
| गर | # -अर # | गर्नु | ग |
| घर | # -अर # | बस्ने घर | घ |
| चडी | # -इ # | चराको स्त्रीलिङ्गी | च |

| | | | |
|---|---|---|---|
| छडी | # -इ # | खस्नु | छ |
| जाड | # -आड # | भोटे समुदाय | ज |
| झाड | # -आड # | झाडु लगाउनु | झ |
| काट | # -ट # | काट्नु | ट |
| काठ | # -ठ # | काठ | ठ |
| डोली | # -ओली # | बेहुलीको डोली | ड |
| ढोली | # -ओली # | दमाइ | ढ |
| तान | # -आन # | तान्नु | त |
| थन | # -आन # | देवताको थान | थ |
| द्यान | # -आन # | दान गर्नु | द्य |
| धान | # -आन # | खाने धान | द |
| फाडो | # -ड # | दालको मसिनो रूप | फ |
| बाँच | # -आँच # | बाँच्नु | ब |
| भाँच | # -आँच # | भाँच्नु | भ |
| जडा | # -ड # | जरा | ज |
| मडा | # -ड # | मरेको मुद्रा | म |
| रगड | # -अड # | रगड्नु | र |
| लगड | # -अड # | फापरको रोटी | ल |

(क्षेत्रगत अध्ययन)

तालिकाका उदाहरणमा काम र खाममा *क* र *ख गर* र *घर* मा *ग* र *घ चडी* र *छडी* मा *च* र *छ जाड* र *झाड* मा *च* र *झ काट* र *काठमा ट* र *ठ डोली* र *ढोलीमा ड* र *ढ, तान* र *थान* मा *त* र *थ* त्यस्तै गरेर *दान* र *धानमा द* र ध पाडो र *फाडो* मा *प* र *फ वाँच* र *भाँच* मा *ब* र *भ जडा* र *मडा* मा *ज* र *म रगड* र *लगड* मा *र* र *ल* ले समान परिवेश लिए तापनि यिनीहरूबीच अर्थगत भिन्नता रहेको हुनाले यी प्राणत्वका आधारमा सिँजाली भाषाका वर्णहरू हुन् । नेपाली भाषामा पनि सिँजाली भाषामा झैँ प्राणत्वका आधारमा समान व्यतिरेक वर्ण छन् । अल्पप्राण वर्ण /क/, /ग/, /ङ/, /च/, /ज/, /ट/, /ड/, /त/, /द/, /न/, /प/, /ब/, /म/, /य/, /र/, /ल/, /व/ हुन् भने महाप्राण वर्ण /ख/, /घ/, /छ/, /झ/, /ठ/, /ढ/, /थ/, /ध/, /फ/, /भ/, /स्ह/, /ह/ हुन् ।

**सिँजाली (खस) भाषामा रहेको विशिष्ट वर्णव्यवस्था**

(क) स्वरमध्यगत दुई व्यञ्जनहरू भए कतै प्रगत समीभवन त कतै परागत समीभवनको स्थिति देखा पर्दछ:

प्रगत समीभवन: अगाडिको व्यञ्जनले पछाडिको व्यञ्जनको रूप लिने प्रक्रिया नै प्रगत समीभवन हो । सिँजाली (खस) भाषामा विशेषत: यसप्रकारका वर्णहरूको व्यवस्था छ:

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| गाड्डो | गाड्दो | भुन्नो | भन्दो |

| | | | |
|---|---|---|---|
| काट्टो | काट्दो | बाल्लो | बाल्दो |

गाड्दोका स्थानमा गाड्डो *भुन्नोका* स्थानमा *भन्दो* ले *द* वर्णको स्थानमा *ड* र *द* वर्णको स्थानमा *न* वर्णले सिँजाली (खस) भाषामा स्थान लिएको हुनाले सिँजाली (खस) भाषामा प्रगत समीभवन भएको छ । *काट्दो* र *काट्टोमा द* का स्थानमा *ट बाल्दो* र *बाल्लो* मा *द* का स्थानमा *ल* को प्रयोग भएको छ । सिँजाली (खस) भाषाकामा अगाडिको व्यञ्जनले पछाडिको व्यञ्जनको रूप लिने गरेको छ ।

परागत समीभवनः पछाडिको व्यञ्जनले अगाडिको व्यञ्जनको स्वरूप फेरिने प्रक्रिया नै परागत समीभवन हो । यस्तो उच्चारण सिँजाली (खस) भाषामा छः जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| गद्दो | गर्दो | गन्न | गर्न |

यहाँ नेपाली भाषाको *गर्दो* सिँजाली (खस) भाषाकामा *गद्दो* हुँदा पछाडिको व्यञ्जन नै फेरिएर/दोहोरिएर आएको छ । नेपाली भाषाको *गर्न* सिँजाली (खस) भाषाकामा *गन्न* भएर उच्चरित हुने गरेको छ यस्तो स्थिति नै परागत समीभवनको प्रक्रिया हो ।

विषमीभवन : सिँजाली (खस) भाषाकामा विषमीभवनको स्थिति छ । जस्तैः

| सिँजाली | नेपाली |
|---|---|
| तुमी | तिमी |

(ख) सिँजाली (खस) भाषामा स्पर्श संघर्षी /च/र/ज/ तथा संघर्षी /स/ यदि नासिक्य /न/ भन्दा अघि आएका छन् भने उच्च अग्र स्वरमा विकल्पले परिवर्तन हुने गरेको छ । जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| बेइन्या/बेच्न्या | बेच्ने | माइन्या/माज्न्या | माज्ने |
| बइन्या/बस्न्या | बस्ने | | |

सिँजाली (खस) भाषामा *बेच्न्या* वा *बेइन्या* हुने गरेको छ । यसले गर्दा नेपाली भाषाको *ए* सिँजाल (खस) भाषामा *या* हुने गरेको छ । नेपाली मा *बस्ने* सिँजाली (खस) भाषामा *बस्न्या/बइन्या* हुने गरेको छ । नेपाली भाषाको *माज्ने* सिँजाली (खस) भाषामा *माज्न्या/माइन्या* हुने गरेको छ । यसरी सिँजाली (खस) भाषामा उच्च अग्र स्वरमा विकल्पले परिवर्तन हुने गरेको छ ।

(ग) यदि /स/ व्यञ्जन भन्दा पछि क्रमशः /त//ट/ तथा /क/ मा कुनै आएका छन् भने सिँजाली (खस) भाषामा /अ/को/इ/ मा परिवर्तन हुन्छ । जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| बइथो | बस्तो | यइखो | यसको |

यहाँ नेपाली भाषाको *बस्तोमा* रहेको */स/र/त/* वर्णमा सिँजाली (खस) भाषामा */इ/र/थ/* वर्णको प्रयोग भएको छ । नेपाली भाषाको बस्तो सिँजाली (खस) भाषामा *बइथो* भएको छ ।

(घ) महाप्राणी भवनः अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तन हुनु हो । सिँजाली (खस) भाषामा समेत यस्तो प्रक्रियाबाट उच्चरित हुने वर्ण रहेको छ । जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| झाहाज | जहाज | झाहान | जहान |

यहाँ नेपाली भाषामा /*ज*/ को उच्चारण हुँदा सिँजाली (खस) भाषाका /*झ*/ वर्णको उच्चारण हुने गरेको छ ।

(ङ) अल्पप्राणी भवनः महाप्राण ध्वनि अल्पप्राणमा परिवर्तन हुनु नै अल्पप्राणी भवन हो । सिँजाली (खस) भाषामा यस्ता वर्णहरूको उच्चारण हुने गरेको छ । जस्तैः-

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| बग | बाघ | दुद | दुध |
| मुडो | मुढो | मज | मझ |

*बाघ* सिँजाली (खस) भाषामा *बाग* उच्चारण हुने गर्छ । यहाँ नेपाली भाषाको *घ* वर्णको स्थानमा सिँजाली (खस) *ग* वर्णको उच्चारण भएको छ । नेपाली भाषाको *दुध, मुढो* र *माझमा* क्रमशः सिँजाली (खस) भाषामा *दुद, मुडो* र माज उच्चारण भएको छ । यसले गर्दा सिँजाली (खस) भाषाका वर्णमा अल्पप्राणी भवनको व्यवस्था रहेको छ ।

(च) घोषी भवनः अघोष ध्वनि घोषमा उच्चरित हुनु घोषीभवन हो । सिँजाली (खस) भाषामा घोषीभवनको व्यवस्था निम्नानुसारको छ । जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| पग्डिनु | पक्डिनु | उग्लनु | उक्लनु |

नेपाली भाषाको *क* सिँजालीमा *ग* वर्णमा उच्चरित भएको छ । सिँजाली (खस) भाषाको प्रयोग व्यवहार हुँदा घोषीभवन भएको हो ।

(छ) अघोषी भवनः घोष ध्वनि अघोषमा उच्चरित हुनु अघोषीभवन हो । सिँजाली (खस) भाषामा यस्ता वर्ण व्यवस्था रहेको छ । जस्तैः

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| लेतो | लेदो | फट्को | फड्को |

*द* घोष वर्ण हो । नेपाली भाषामा *द* वर्णको प्रयोग भएर *लेदो* भएको छ भने यसैको सिँजाली (खस) भाषामा *लेतो* उच्चारण हुने गरेको छ । यहाँ *त* वर्ण अघोष वर्ण हो । नेपाली भाषाको *फड्को* सिँजाली (खस) भाषाकामा *फट्को* हुने गरेको छ । यसरी अघोषी भवन भएको मानिन्छ । यस्तो व्यवस्था सिँजाली (खस) भाषाकामा रहेको छ ।

(ज) अनुनासिक : सिँजाली (खस) भाषाकामा अनुनासिक वर्णव्यवस्था यसप्रकारको छ :

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| फाम | फाँम | आम | आँम/आँप |

यहाँ नेपाली भाषामा नासिक्य भएका ध्वनिहरू सिँजाली (खस) भाषाकामा नासिक्य नहुने गरेको छ । नेपाली भाषाको *फाँम* मा *फाँ* नासिक्य उच्चारण भएको छ भने सिँजाली (खस) भाषाकामा *फाम* को *फा* अनासिक्य भएर उच्चरित भएको छ ।

(झ) सिँजाली (खस) भाषामा शब्दको अन्तिम वर्ण यदि /र/ छ भने /ड/ वर्णमा उच्चरित हुने गर्दछ । जस्तैः-

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| चडो | चरो | कुकुडो | कुखुरो |
| गडो | गरो | छेपाडो | छेपारो |

नेपाली भाषामा आएको *चरो* र *कुखुरो* मा रहेको *र* वर्ण का स्थानमा सिँजाली (खस) भाषामा *ड* वर्णको उच्चारण भइ *चडो* र *कुकुडो* भएको छ । *गरो* र *छेपारो* शब्दमा आएका *र* वर्णका स्थानमा समेत ड उच्चरित भएर गडो र छेपाडो भएको छ ।

(ञ) सिँजाली (खस) भाषामा /य/ वर्णको विकल्पमा /ज/ वर्णको उच्चारण हुने गरेको छ । जस्तैः-

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| जज्ञ | यज्ञ | जुग | युग |

*य* वर्णका स्थानमा सिँजाली (खस) भाषाकामा *ज* वर्णको उच्चारण भएको छ । नेपाली भाषाको *यज्ञ* र *युग* सिँजाली (खस) भाषामा जज्ञ र युग भएको छ । यो प्रक्रिया सिँजाली भाषामा हुने वर्णको उच्चारणमा विशिष्ट व्यवस्था हो ।

(ट) सिँजाली (खस) भाषामा मूर्धन्य ष वर्णको उच्चारणको विकल्पमा ख वर्णको उच्चारण हुने गरेको छ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| खष्ठी | षष्ठी | वर्खा | वर्षा |

नेपाली भाषाको *षष्ठी* र *वर्षाको ष* को स्थानमा सिँजाली (खस) भाषामा *खष्ठी* र *वर्खा* भएको छ ।

(ठ) सिँजाली (खस) भाषामा स वर्णको स्थानमा स्ह / ह वर्णको उच्चारण हुने गरेको छ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| स्हल्यान/हल्यान | सल्यान | स्होल्टी | सोल्टी |
| स्हलाइ | सलाइ | स्हबै | सबै |

नेपाली भाषाको *स* वर्ण सिँजाली (खस) भाषाकामा उच्चारण हुँदा *स्ह/ह* वर्णका रूपमा उच्चरित हुने गर्दछ । नेपाली भाषाको *सल्यान, सोल्टी* सलाइ र *सबैमा* उच्चारण भएको *स* सिँजाली भाषिकामा *स्ह* भएर उच्चरित हुँदा स्हल्यान *स्होल्टी,* स्हलाइ र स्हबै भएको हुन्छ ।

(ड) सिँजाली (खस) भाषाकामा कतिपय अवस्थामा ल वर्ण त मा र त वर्ण ल का स्थानमा आएर उच्चरित हुने गर्दछ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| पाल्तो | पातलो | पुल्ती | पुतली |

सिँजाली भाषिकामा *पाल्तो* र *पुल्ती* भनेर उच्चारण गरिएको छ । यसरी नेपाली भाषाको *त* वर्णको स्थानमा *ल* र *ल* वर्णको स्थानमा *त* सिँजाली (खस) भाषामा उच्चरित हुने गरेको छ ।

(ढ) सिँजाली (खस) भाषामा मध्यगत ह वर्ण लोप भएर उच्चारण हुन्छ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| कुइनो | कुहिनो | जइले | जहिले |

सिँजाली (खस) भाषामा *इ* वर्णको उच्चारण भएको छ । नेपाली भाषामा *कुहिनो* र *जहिले* हुन्छ भने यसको सिँजाली (खस) भाषिकामा *कुइनो* र *जइले* भएर उच्चारण हुने गर्दछ ।

(ण) सिँजाली (खस) भाषामा रेफ (रकार)का स्थानमा न वर्णको उच्चारण हुने गर्दछ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| हेन्नु | हेर्नु | गन्नु | गर्नु |

*हेर्नु* र *गर्नु* उच्चारण सिँजाली (खस) भाषामा उच्चरित हुँदा *हेन्नु र गन्नु* हुने गर्दछ । सिँजाली (खस) भाषाकामा रेफका स्थानमा *न* वर्णको बढी प्रयोग हुने गरेको छ ।

(त) सिँजाली (खस) भाषामा ह, ग, ड, ढ, र, व, द, न ध्वनिहरू अवस्थानुसार उच्चरित हुन्छ :

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |

| | | | |
|---|---|---|---|
| घत् | गहत | भ्या | विवाह |
| धेलो | ढोका | धह | द्यह |

सिँजाली (खस) भाषामा *घत् र भ्या* भनेर उच्चरित हुने गर्दछ । नेपाली भाषाको *ढोका र दह* को *ढ* र *द* वर्णका स्थानमा सिँजाली (खस) भाषामा *ध* वर्णको उच्चारण भएको छ । यसले गर्दा *ढोका* र *दह* सिँजाली (खस) भाषामा उच्चारण हुदा *धेलो र धह* शब्द संरचनामा तयार भएर उच्चरित हुन्छ ।

(थ) सिँजाली (खस) भाषामा ए स्वरवर्णका स्थानमा या व्यञ्जन वर्णको प्रयोग भएर उच्चारण हुन्छ । जस्तैः

| | | | |
|---|---|---|---|
| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
| भयाको | भएको | जान्याको | जानेको |
| भाग्याको | भागेको | आयाको | आएको |

सिँजाली भाषिकामा *या* भएर उच्चारण हुन्छ । *भएको जानेको* हुँदा सिँजालीमा *भयाको जान्याको* भएर उच्चरित हुन्छ ।

- माध्यन्दिनीय शिक्षाअनुसार ‘ष’ को उच्चारण ‘ख’ हुन्छ ।

वर्खा < वर्षा, विख < विष

- प्राकृत प्रकाश ‘सर्वत्र लबरा’ : भित्र्याउनु > भित्याउनु, तर्नु > तन्नु, छिर्नु > छिन्नु
- ध्वनि परिवर्तनको दिशा उल्टो

करितो < करिओ < करि < गरि

सुक < सुगा < सुआ

चटक < चडओ < चडो < चरो

ट < ड < ड < र

- सिँजालीमा अक्षरान्तमा च, छ, ज, झ, स व्यञ्जन लोप भएर इ कारको आगमन

आज < आइ, खोज्नु < खोइनु, उसको < उइखो, वस्नु < वइनु, माऊन्या < माज्न्या < माइन्या

- विपर्यास/विपर्यय : कोरली < कोलडी, पातलो < पाल्तो
- घोषीभवन : ओख्लो < ओग्लो, नाइटो < नाइडो
- अघोषीभवन : झगडा < झकडा, लेदो < लेतो
- अल्पप्राणी/महाप्राणी : आफ्नो < आप्नो, जहान < झाःन, कोमल < कुँलो
- सिँजाली भाषामा अकार उकारमा बदलिएको स्थिति : मन्दिर < मुन्दिर, भनि < भुनि, जनावर < जुनावर, अचम्म < अचुम्म, मन < मुन, अध्यारो < उध्यारो, जम्मा < जुम्मा

**खण्डेतरवर्ण**

जब कुनै भाषामा मात्रा, अनुनासिकता, लय र बलाघात आदि विशेषता व्यतिरेकी भएर आउँछन् त्यस्ता विशेषतालाई खण्डेतर अथवा गौण वर्ण भन्न सकिन्छ । खण्डेतर ध्वनिका नामाकरण विभिन्न ढङ्गले भएको छ । यसलाई कसैले ध्वनि लक्षण कसैले स्वनगुण वा रागीयतत्व नामाकरण गरेका छन् भने अमेरिकी भाषा वैज्ञानिकहरू खण्डेतर वा अखण्ड ध्वनिको नाम दिन्छन् । एक्लै उच्चरित हुन नसक्ने र खण्डीय ध्वनिका साथमा मात्र आउन सक्ने ध्वनि, वर्ण खण्डेतर ध्वनि/वर्ण

हुन् । यसअन्तर्गत अनुनासिकता, श्वसन, बलाघात, सुर आदि पर्दछन् (यादव र रेग्मी, २०५९ : ९९) ।

मात्राः वर्ण वा ध्वनिको उच्चारण गर्दा लाग्ने समयावधि मात्रा हो । कुनै वर्णको उच्चारणमा समय बढी त कुनैमा कम लाग्ने गर्दछ । यस आधारले ह्रस्व र दीर्घ रूप निर्धारण हुने गर्दछ । यसले अर्थगत भिन्नता ल्याउने गर्दछ । जस्तै :

**सिँजाली (खस) भाषामा मात्राका आधारमा खण्डेतर वर्णव्यवस्था**

| ह्रस्व शब्द | परिवेश | अर्थ |
|---|---|---|
| अस्ति | #-त# | हिजो भन्दा एक दिन अघि |
| अ:स्ति | #-त# | धेरै पहिले |
| बल्ल | #-ल# | गोरु |
| ब:ल्ल | #-ल# | अहिले, आज |
| ऋा | #-आ# | आउनु |
| आः | #-आ# | आश्चर्य |

(क्षेत्रगत अध्ययन)

सिँजाली (खस) भाषामा उच्चारणमा नै छोटो समय लगाएर उच्चारण गर्दा र लामो समय लगाएर उच्चारण गर्दा वर्णको अर्थमा भिन्नता देखिने गरेको छ । यहाँ *अस्ति* र *अ:स्तिले* समान परिवेशमा पनि उच्चारणमा अस्तिले हिजो भन्दा एक दिन अघि अस्ति र अ:स्तिले धेरै पहिले भन्ने अर्थ बुझाएको छ । *बल्ल* ह्रस्व ले *गोरु* र *ब:ल्ल दीर्घ* रूपमा उच्चारण हुने भएकाले *आज अहिले* भन्ने अर्थ बुझिन्छ यिनीहरूको समान परिवेश भए तापनि अर्थमा भने भिन्नता छ ।

त्यस्तै गरेर आ को अर्थ आउनु भन्ने हुन्छ भने *आः* को अर्थ आश्चर्य भन्ने बुझिन्छ । यसबाट सिँजाली (खस) भाषाकामा कतिपय स्थितिमा ह्रस्व र दीर्घ उच्चारणले पनि अर्थमा फरक ल्याएको हुन्छ ।

अनुनासिकताः ध्वनिको सन्दर्भमा मुख र नाक दुबैतिरबाट श्वास प्रवाहित हुँदा उच्चरित हुने नाके ध्वनिलाई अनुनासिक ध्वनि भनिन्छ (न्यौपाने र अन्य, २०६९; पृ. ६३) । यस्ता ध्वनिका उच्चारणमा नाकेटोड्कीको सम्लग्नतासँग अनुनासिक सम्बन्ध हुन्छ ।

नाकतिरबाट हावाको उन्मोचन हुने ध्वनि *ङ* (ण) *न, म* हुन् खण्डेतर ध्वनिमा शिरविन्दु (.) र चन्द्रबिन्दु ( ँ ) हुन् । यस्ता ध्वनिहरू सिँजाली भाषिकामा समेत पाइन्छन् । सिँजाली भाषिकामा अनुनासिक ध्वनिले विभेदयुक्त अर्थ प्रदान गर्ने गर्दछ । सिँजाली भाषाका अनुनासिक वर्णहरूमा यसप्रकारको व्यवस्था रहेको छ :

**सिँजाली (खस) भाषामा अनुनासिकको व्यवस्था**

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| काम | #-आम# | काम/कार्य | क |
| काँम | #-आम# | काप्नु | कँ |
| बास | #-आस# | बस्ने ठाँउ | ब |
| बाँस | #-आस# | एक खाले लामो आकारको बनस्पति | ब |

| | | | |
|---|---|---|---|
| दाइ | #-इ# | आफू भन्दा जेठो | द्य |
| दाइँ | #-इ# | धानको दाँई | दँ |
| नाउ | #-उ# | डुङ्गा पानीमा चल्ने | ए |
| नाउँ | #-उ# | नम | उँ |

(क्षेत्रगत अध्ययन)

देखापरेका *का र काँ, बास र बाँसमा देखापरेका वा र वाँ, दाइ र दाँइमा* देखापरेका *दा र दाँ, नाउ र नाउँ मा* देखापरेका *उ र उँ* ले समान परिवेश लिए पनि अनुनासिकताका कारण यिनीहरूका बीच अर्थमा भिन्नता रहेको छ ।

बिराम/संहिताः बोलाइ वा लेखाइका सन्दर्भमा हुने विश्रामलाई विराम वा संहिता भनिन्छ । (न्यौपाने र अन्य, २०६९: पृ. ६५) । यस्तो विराम वा विश्रामका कारण अर्थमा भिन्नता आउँछ । सिँजाली भाषिकामा समेत यस्तो विराम वा संहिताका कारण अर्थमा भिन्नता आउने व्यवस्था यसप्रकार छ :

**सिँजाली (खस) भाषामा विराम/संहिताका आधारमा खण्डेतर वर्णको व्यवस्था**

| शब्द | परिवेश | अर्थ |
|---|---|---|
| देखायो | # विश्राम नभएको | देखाउने काम |
| दे खायो | # विश्राम भएको | खाने काम |
| घोडोमच्यो | विश्राम नभएको | घोडा मच्चिनु |
| घोडो मच्यो | विश्राम भएको | वनमा हुने जडिबुटी |

(क्षेत्रगत अध्ययन)

सिँजाली (खस) भाषाकामा विश्राम हुने र नहुने वर्णका आधारमा अर्थमा भिन्नता रहेको छ । *देखायो* शब्दमा वर्णगत विश्राम नहुँदा *देखाउने काम* र *दे खायो* शब्दमा वर्णको उच्चारण विश्राम/संहिता हुँदा *लौ खायो* भन्ने अर्थ हुन्छ । त्यस्तै *घोडोमच्चोमा* विश्राम नहुँदा *घोडा मच्चिनु* र *घोडो मच्चोमा* विश्राम हुँदा *वनमा* हुने एकप्रकारको *जडिबुटी* भन्ने अर्थ हुन्छ । यसले गर्दा वर्णमा विश्राम हुँदा र नहुँदा अर्थमा भिन्नता आउने गर्छ ।

श्वसनः सामान्य कुनै ध्वनि/वर्णको उच्चारण गर्दा लाग्ने सासदेखि बाहेक अरू सास खर्च गरिन्छ भने त्यो नै श्वसन वर्ण हो । सिँजाली (खस) भाषामा श्वसन/श्वसित हुने शब्द यसप्रकार छन् :

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|
| ढुःल | सुत्ने काम | मुःत् | पिसाव फेर्ने काम |
| घाःक | ग्राहक | | |

सिँजाली (खस) भाषामा कतिपय वर्णहरूको उच्चारण गर्दा अतिरिक्त सास आउने गरेकोले यहाँ *ढुःल* शब्दमा *ढुःमा* श्वसन भएको छ । *मुः र घाः* मा श्वसनको भएको छ ।

लयः वर्णमा लय खण्डेतर ध्वनि/वर्ण हो कुनै स्वर ध्वनिको दीर्घता खास ध्वनि श्रृङ्खला आउँदा क्रमशः कम हुन गई लगभग समताको स्थितिमा रहन्छ र त्यसबाट एकप्रकारको आलङ्कारिक झङ्कार उत्पन्न हुन्छ । ध्वनि समताका कारणबाट उत्पन्न हुने झङ्कार नै लय हो । सिँजाली (खस) भाषामा लयका आधारमा वर्णहरू यसप्रकारको छ :

| सिँजाली | नेपाली | सिँजाली | नेपाली |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आ ऽऽ मैं | आमा | दिऽऽदि | दिदी |
| बाऽऽ बै | बाबु/बुबा | स्हाऽऽत्या | साथी |

सिँजाली (खस) भाषामा वर्णमा लयको मात्रा दीर्घरूपी भएर देखा पर्ने गर्दछ । यस भाषामा लयको अत्यधिक प्रयोग हुने गर्दछ । नेपाली भाषामा *आमा* भनेर बोलाउँदा सिँजाली भााषाको *आ* वर्णमा लय सिर्जना भई *आऽऽ मैं* भएर उच्चारण हुन्छ । *दिदी, बुबा,* साथी शब्दका *दि, बा,* सवर्णमा लय सिर्जना भएर *दिऽऽ दि बाऽऽ* बै *सृहाऽऽ त्या* मा वर्णगत लय देखापरेर उच्चारण हुन्छ ।

**निष्कर्ष**

सिँजाली भाषा नेपाली भाषाको मूल भाषा हो । यो जुम्ला जिल्लाको सिँजा क्षेत्रमा बोलिन्छ । यसको विकासक्रममा सिँजाली पर्वते गोर्खाली हुँदै नेपाली भएको छ । नेपालमा बोलिने भाषा सङ्ख्याका सम्बन्धमा भाषा आयोग नेपालले दिएको प्रतिवेदन अनुसार सिँजाली भाषा सूचीकृत भएको छैन । जिल्लाका रुपले जुम्ला जिल्ला परिचित भएको र त्यहाँ बोलिने भाषा जुम्ली भएको भन्दै जुम्ली भाषा रहेको छ । भाषाको न्यूनतम अर्थयुक्त एकाइ वर्ण हो । सिँजाली भाषामा रहेका वर्णहरु ३० वटा व्यतिरेकी व्यञ्जनवर्ण, ६ वटा स्वरवर्ण, १० वटा द्विस्वरवर्ण रहेका छन् । क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, स्, सह्, ह् व्यञ्जनवर्ण हुन् । अ, आ, इ, उ, ए ओ स्वरवर्ण हुन् । अइ, आइ, उइ, एइ, ओइ, अउ, आउ, इउ, एउ, ओउ गरी १० वटा द्विस्वर वर्ण हुन् । स्वरवर्ण अग्र, केन्द्रीय र पश्च प्रकृतिका छन् । जिब्राको उचाइका आधारमा, जिब्राको सक्रियताका आधारमा, अनुनासिकताका आधारमा स्वरवर्णको व्यवस्था मौलिक प्रकृतिको छ । नेपाली भाषाभन्दा सिँजाली भाषा केही समान केही भिन्न प्रकृतिको छ । द्विस्वरमा सिँजाली र नेपालीमा समानता देखिन्छ । व्यञ्जनवर्णमा : उच्चारणस्थान, प्रयत्न, घोषत्व र महाप्राणका आधारले समानता र /भिन्नताको स्थिति छ । सिँजाली भाषामा केही विशिष्ट वर्णव्यवस्था देखिन्छ । प्रगत समीभवन, परागत समीभवनमा /च्/ र /ज्/ संघर्षी /स्/ नासिक्य /न्/ भन्दा अगि आए इ बन्ने, /स्/ व्यञ्जन भन्दा क्रमशः /त्/, /ट्/ तथा /क्/, /अ/ को /इ/मा परिवर्तन हुन्छ । /स्/ र /त्/ वर्ण /इ/ र /थ्/मा प्रयोग हुन्छ । जस्तैः बइथो, कइथो, हाइथो । /य्/वर्ण /ज्/ हुने जुग । ष वर्ण ख मा उच्चारण हुने खष्ठी, बर्खा । /स्/ वर्ण /सह्/ मा हुने, /ल्/ वर्ण /त्/मा र /त्/वर्ण /ल्/मा उच्चारण हुने, /ह्/ वर्ण लोप हुने जइले, कइले, बुइनी । सिँजाली भाषामा रेफ(रकार) का सट्टामा न वर्णको उच्चारण हुने गर्दछ । गन्नु, हेन्नु सिँजाली भाषामा मौलिक शब्द पनि छन् : घत् > गहत, भ्या >विवाह, धेलो > ढोका, ए वर्ण या मा उच्चारण हुने : जान्याको, आयाको, खण्डीय वर्णव्यवस्था रहेको छ । खण्डेतर वर्णमाः मात्रा, अनुनासिकता, लय, बलाघातमा सिँजाली भाषामा आफ्नै व्यवस्था रहेको छ । जस्तै : ढुःल > सुत्ने काम, घाःक > ग्राहक । सिँजाली खस भाषा नेपाली भाषाको माउँ भाषा हो । खण्डीय । खण्ड्तर वर्णव्यवस्थामा केही समानता र भिन्नताको स्थिति रहेको छ । देखिएको भिननताले सिँजाली भाषाबाट विकसित हुँदै नेपाली भाषा हुँदा विभिन्न कालखण्डको विकासक्रम, परिवेश, प्रभावले भाषामा भएको परिवर्तनले सिँजाली भाषा परिष्कार परिमार्जन हुँदै नेपाली भएको र यसले केही प्राचीन व्यवस्था र केही आधुनिक व्यवस्था अंगालेकोले नै समानता र असमानताको अवस्था सिर्जना भएको छ । सिँजाली खस भाषा र नेपाली भाषामा रहेका वर्णले वर्णव्यवस्थाको समानता र भिन्नता देखाउँछ । यद्यपि एउटै जडमा रहेका यी दुई भाषा हुन् । भाषा आयोग नेपालको भाषा सूचीमा सिँजाली भाषा राखिनुपर्छ । सिँजाली भाषी वक्ता रहेका, सिँजा भाषिक क्षेत्र

रहेको छ । नेपाली भाषाको प्राचीन स्वरुपको ऐतिहासिक भाषा सिँजाली भाषा हो । सिँजाली भाषाबाटै विकसित र आधुनिक, औपचारिक र विस्तारित भाषा नेपाली भाषा हो ।

## सन्दर्भसामग्री सूची

अधिकारी, सूर्यमणि (२०५६), *नेपाली भाषाको इतिहास,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), प्रयोगात्मक नेपाली व्याकरण, ललितपुर : साझा प्रकाशन ।

आचार्य, राजेन्द्रकुमार (२०६०), *केन्द्रीय नेपाली शब्दकोश,* काठमाडौं : विवेकशील प्रकाशन ।

ओझा, रामनाथ र गिरी, मधुसूदन (२०६२), *भाषाविज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* काठमाडौं : राइनो पब्लिकेशन प्रा.लि. ।

गिरी, जीवेन्द्र (२०६५), *सिम्तालीको भाषा वैज्ञानिक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालय ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०) भाषाविज्ञान, काठमाडौं : पाठ्सामग्री प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : एम. के. पब्लिकेशन एण्ड डिष्ट्रिव्युटर्स ।

तिमिल्सिना, मोहनप्रसाद (२०५९), *नेपाली र संस्कृत भाषाका कालको तुलनात्मक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डीनको कार्यालय ।

तिवारी, गोपालनिधि (२०३०), *नेपाली भाषाको बनोट,* काठमाडौं : नेराप्रप्र ।

तिवारी, भोलानाथ (१९९६), *तुलनात्मक भाषाविज्ञान,* दिल्ली : मोतीलाल बनारसी ।

देवकोटा, रत्नाकर (२०२८), *जुम्लेली शब्दसङ्ग्रह,* काठमाडौं : नेराप्रप्र ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

पोखरेल, बालकृष्ण (२०५५), *राष्ट्रभाषा,* काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाडौं : एकता बुक्स ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* कीर्तिपुर : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

यात्री, पूर्णप्रकाश (२०५३), *नेपाली भाषाको ऐतिहासिक मीमांसा,* काठमाडौं : एकता प्रकाशन ।

रेड्डी, विजय राघव (१९८६), *व्यतिरेकी भाषाविज्ञान,* नयाँदिल्ली : विनोद पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र (२०६९), *नेपाली भाषा र व्याकरण,* कीर्तिपुर : सनलाइट पब्लिकेशन ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०५३), *शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र पाठहरू,* काठमाडौं : नवीन प्रकाशन ।

श्रीवास्तव, रवीन्द्रनाथ (१९९७), *भाषाविज्ञान : सैद्धान्तिक,* दिल्ली : राधा कृष्ण प्रकाशन ।